श्री सर्वोच्च अदालतमा पेश गरेको

निवेदन पत्र

विषयः- उत्प्रेषणयुक्त परमादेश लगायत अन्य उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरी पाऊँ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता दिपक अधिकारी मोबाइल नं. ९८४९५१८८२३ ....................................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ बस्ने अधिवक्ता कमल प्रसाद पोखरेल मोबाइल नं. ९८५१००१५०५ ....................................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता टिका प्रसाद ढकाल मोबाइल नं. ९८५१०७९१९३....................................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता यज्ञमणि न्यौपाने मोबाइल नं. ९८५११९९४१६....................................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता पार्वती थापा (प्रियारानी) मोबाइल नं. ९८४९९०७२६३....................................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता हेमराज पोखरेल उपाध्याय ९८५११९४०२९....................................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने खगेन्द्र प्रसाद चापागाई....................................................१

ललितपुर जिल्ला महालक्ष्मि न.पा वडा नं. ५ बस्ने अधिवक्ता विरेन्द्र के.सी. ..........१

का.जि.कां.म.न.पा-१० बस्ने अधिवक्ता वसन्त राज फुयल....................................१

का.जि.का.म.न.पा-१० बस्ने अधिवक्ता अर्जुन थापा ....................................१

समेतको वारेस भई आफ्ना हकमा समेत ललितपुर जिल्ला ल.पु.म.न.पा वडा नं. २ वस्ने वर्ष २४ को त्रि.वि.वि. मा कानुनमा स्नातक गर्दै गरेका ओमनाथ ठाकुर ९८६५०४९९३०....................................................१

निवेदक

विरुद्ध

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ रत्नपार्क स्थित नेपाल विद्युत

प्राधिकरण केन्द्रिय कार्यालय.............................................................१
जलश्रोत तथा उर्जा मन्त्रालय, सिंहदरबार, काठमाडौं..............................................१
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं..................................१
रुपन्देही जिल्ला परोहा गा.वि.स. वडा नं.१ हाल रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ थापाथली स्थित अर्घाखाँची सिमेन्ट प्रा.लि.....................................................................................१
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ८ मा रजिष्टर्ड कार्यालय रहेको विशाल सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि. ..................................................................१
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ कमलादीमा रजिष्टर्ड कार्यालय रहेको रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड..................................................................१
मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं.१६ मा कारखाना र काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११ नामनगरमा कर्पोरेट कार्यालय रहेको शिवम् सिमेन्ट्स लि..........................................................................१
सुनसरी जिल्ला साविक सोनापुर गा.वि.स.वडा नं.७ हाल परिवर्तित दुहवी नगरपालिका वडा नं. ८ स्थित श्री अरिहन्त पोलिप्याक्स लि.................................................१
सुनसरी जिल्ला साविक सोनापर गा.वि.स. वडा नं.७ हाल परिवर्तित दुहवी नगरपालिका, वडा नं. ८ स्थित श्री अरिहन्त मल्टी फाईफर लि.................................................१ **प्रत्यर्थी**
मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका, वडा नं.२२ हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, वडा नं.२२ गोल्छा हाउस गनवाहालमा रजिष्टर्ड कार्यालय रहेको श्री रघुपति जुट मिल्स लि........................................................................१
धादिङ्ग जिल्ला धुनीवेशी नगरपालिका वडा नं. ९ मा कारखाना र काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३० डिल्लीबजारमा कर्पोरेट कार्यालय रहेको युनाइटेड सिमेन्ट प्रा.लि. ......................................................................................१
प्युठान सिमेन्टका नामबाट परिचित अर्घाखाँची जिल्ला सितगंगा नगरपालिका वडा नं. ८ मा कारखाना रहेको शुभश्री अग्नी सिमेन्ट उद्योग प्रा लि......................................१
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२८ कमलादीमा रजिष्टर्ड कार्यालय रहेको रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि...........................................................१

मुद्दा: उत्प्रेषण परमादेश समेत

हामी निवेदकहरु नेपालको संविधानको धारा ४६ र १३३(२) र (३), विद्युत ऐन २०४९ को दफा १०, १६, २६, २८, १७ र १९, विद्युत चोरी नियन्त्रण ऐन २०५८ को दफा ७(१), ९(क), ११, १४ र १६, विद्युत नियमन आयोग ऐन २०७४ को दफा १३, १९ र २०, नेपाल विद्युत प्राधिकरण ऐन २०४१ दफा २५, १९(घ), २०, २३, २९ र ३५, विद्युत महसुल संकलन विनियमावली, २०६९ को विनियम ३(३), १७, ४५ र २०, विद्युत महसुल संकलन विनियमावली २०६९ नियम ४, अनुसुची १,

अनुसुची १३ र विनियम २३, विघुत महसुल निर्धारण नियमावली २०५०, नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली २०६८ को विनियम ६, विघुत संकलन विनियमावली २०७३ को विनियम ५(२), ५(१३), अनुसुची १(क), विघुत वितरण विनियमावली २०६९ को विनियम १६(६) तथा उच्च अदालत नियमावली २०७३ बमोजिम निम्न लिखित निवेदन गर्दछौं ।

१. निवेदनको व्यहोरा:-

क. हामी निवेदकहरु कानुन व्यवसायी भएको हुनाले राज्यका हरेक निकायहरु संविधान र कानुन बमोजिम सञ्चालित हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ । सर्वसाधारणको प्रत्यक्ष सरोकारसँग जोडिएका सार्वजनिक निकायहरुका काम कारवाहिको विषयमा आवाज उठाउनु तथा कानूनी एवम् संवैधानिक उपचारको खोजी गर्नु हामी कानुन व्यवसायीहरुको सामाजिक उत्तरदायित्व हो। प्रस्तुत रिट निवेदनका विपक्षी नेपाल विद्युत प्राधिकरण एक सार्वजनिक संस्था हो। उक्त संस्थाबाट विपक्षी मध्येका प्रा.लि. कम्पनी लगायतहरुले विशेष प्रकृतीको सेवा ट्रङ्क लाईन र डेडिकेटेड फिडर लिई विशेष सेवा लिई उद्योगहरु सञ्चलन गर्दै आएका छन् । विश्वमा ट्रंक लाईन र डेडिकेटेड शब्दहरुको प्रयोग इञ्जिनिरयरिङ्ग सिद्धान्तको विकास सँगसँगै लेक्ट्रिकल इञ्जिनियरिङ्गमा प्राविधिक शब्दको रुपमा धेरै अगाडी देखि शैक्षिक क्षेत्र एवम् व्यवहारिक रुपमा प्रयोग हुँदै आएको हो। ट्रंक लाईन र डेडिकेटेड शब्दहरुको प्रयोग औद्योगिक क्षेत्रको विकास भएको देशमा बढी प्रयोग हुँदै आएको छ भने उद्योग कलकारखानाको विकास नभएका देशहरूमा शैक्षिक क्षेत्रमा अधिक र कानूनी तथा व्यवहारिक क्षेत्रमा कम प्रयोग भएको देखिन्छ ।

ख. नेपालमा जलश्रोतको विकासको क्रममा विद्युतीय क्षेत्रको विकास १९६८ मा चन्द्र शम्शेरले फर्पिङ जलविद्युत केन्द्रबाट शुरु गरे पनि ठूला-ठूला उद्योग कलकारखाना निर्माण र विकास नभएको कारणले ट्रंक लाईन र डेडिकेटेड शब्दहरुले कानूनी रुपमा परिभाषित हुनको लागि लामो समय प्रतिक्षा गर्नु पर्यो। नेपाल विद्युत प्राधिरकण ऐन, २०४१ जारी भए पश्चात सोही ऐनको अधिकार प्रयोग गरी बनेको नेपाल विद्युत प्राधिकरण विद्युत वितरण विनियमावली, २०६९ मा पहिलो पटक विनियम १६ (६) मा "प्राधिकरणको एक सव-स्टेशनबाट अर्को सव-स्टेशन जोड्ने Trunk Line र Ring Main बाट ग्राहकलाई विद्युत लाईन दिईने छैन" भन्ने शब्द प्रयोग भएबाट.. दुईवटा सव-स्टेशन जोड्ने लाईननै Trunk Line रहेछ भनि बुझ्न सकिन्छ । Dedicated Feeder शब्द प्राविधिक (इञ्जिनियर) क्षेत्रमा वढी प्रयोग हुने भए पनि कानूनी रुपमा नेपाल विद्युत प्राधिकरणले मिति २०६९/०३/१९ को ६१७औं बैठकमा निर्णय गर्दा छुट्टै Dedicated Feeder बाट विद्युत आपूर्ति गर्नु पर्दा सञ्चालक समितिको स्वीकृत लिएर लिनु पर्ने भनि निर्णय गरेको देखिंदा Dedicated Feeder बाट वनेका ग्राहक विशिष्ट किसिमका (Category) हुने रहेछन भनि बुझ्न सकिन्छ । माथि उल्लेखित कानूनी व्यवस्था र सञ्चालक समितिको निर्णयवाट यो स्पष्ट हुन्छ की समय, काल, परिस्थितिमा अन्य ग्राहक वर्ग भन्दा छुट्टै किसिमका Trunk Line र Dedicated Feeder बाट विद्युत उपभोग

गर्ने ग्राहक पनि रहेकाछन् तर विद्युत महशुल सहितको वैधानिक ग्राहक नभएको अवस्थामा नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिले मिति २०७२ साल आषाढ १२ गते ७१०औं बैठकबाट निर्णय गरी Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने औद्योगिक, व्यापारिक तथा गैह व्यापारिक वर्गका ग्राहकहरूलाई यस वर्गमा राखियो। सोही व्यवस्थालाई विद्युत महशुल निर्धारण आयोगले मिति २०७२/०९/२९ को १०३औं र मिति २०७२/१०/१० को १०४औं बैठकले स्वीकृत गरी च.नं. १४ मिति २०७२/१०/१४ को पत्र मार्फत नेपाल विद्युत प्राधिकरणलाई र च.नं.१३ मिति २०७२/१०/१८ गतेको पत्रबाट सार्वजनिक लेखा समितिलाई जानकारी गराएको देखिन्छ ।

ग. विद्युत महशुल निर्धारण आयोगको मिति २०७३/०३/१६ को १०८औं बैठकबाट निर्णय गरी Trunk Line बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महशुल Dedicated ग्राहकको सरह दर कायम गर्ने निर्णय भएको रहेछ । यसरी तोकिएको विद्युत महशुल आयोगबाट २०७३ श्रावण महिना देखिको खपतमा लागु हुने गरी स्वीकृत विद्युत महशुल दर कार्यान्वयन गर्ने भनि ने.वि.प्रा.को सञ्चालक समितिको ७३४औं बैठक मिति २०७३/०४/१२ मा निर्णय भई प्रक्रिया अघि बढे पनि डेडिकेटेड र ट्रंक शब्दहरुको परिभाषा विद्युत महशुल संकलन विनियमावली, २०७३ लागु भएपछि उक्त विनियमालीको विनियम २ (ग) मा Trunk Line भन्नाले "प्राधिकरणको एक सब-स्टेशनबाट अर्को सब-स्टेशन सम्म जोड्ने ३३ के.भी. वा सो भन्दा माथिको लाईनलाई सम्झनु पर्छ" भनि उल्लेख गरिएको रहेछ, त्यसैगरी ऐ. २ (घ) मा Dedicated Feeder भन्नाले "ने.वि.प्रा.को सबस्टेशनबाट ग्राहकको घर/कम्पाउण्ड सम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाईनलाई बुझाउनेछ" भनि उल्लेख गरी उक्त लाईनबाट विद्युत उपभोग गर्ने ग्राहकले ऐ विनियम ५ (२) बमोजिम "प्राधिकरणका डेडिकेटेड लाईन र ट्रंक लाईनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैह व्यापारिक वर्गका ग्राहकहरूले विद्युत शक्ति खपत गरे वापत अनुसूची १ (क) मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ" भनी प्रष्ट उल्लेख गरी कानून बनाई उक्त विनियमावली लागु भएको पाइन्छ। उक्त विनियमावलीको व्यवस्था अर्को कानून "विद्युत महशुल संकलन विनियमावली, २०७७" जारी हुनु भन्दा अगाडि सम्म लागु भएको देखिन्छ ।

२. विवादको विषयः

विद्युत महशुल निर्धारण आयोगको मिति, २०७२/०९/२९ गतेको १०३औं बैठकबाट निर्णय गर्दा डेडिकेटेड फिडरको महशुल दर कयम नहुँदासम्म सरकारी अस्पताल वाहेकका डेडिकेटेड फिडरका उपभोक्ताहरूको हकमा ने.वि.प्रा. को सञ्चालक समितिले मिति २०७१/०३/१२ मा गरेको निर्णयलाई स्वीकृत गरेको पाइन्छ। विद्युत महशुल निर्धारण आयोगको मिति २०७३/०३/१२ गतेको १०८ औं बैठकबाट निर्णय हुँदा लोडसेडिङ ६ घण्टा वा सो भन्दा बढि समय छुट्टै Trunk Line बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको

महशुल Dedicated ग्राहकको सरह दर कायम गर्ने भनी निर्णय भएको रहेछ। नेपाल विद्युत प्राधिकरण महशुल संकलन विनियमावली, २०७३ को विनियम ५ को (२) मा "प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत अनुसूची १(क) मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । माथि उल्लेखित कानूनी व्यवस्थालाई हेर्दा डेडिकेटेड फिडर प्रयोग गर्ने ग्राहकको हकमा विवाद देखिएन किनकी डेडिकेटेड फिडरका उपभोक्ताको हकमा ने.वि.प्रा. सञ्चालक समितिले मिति २०७२/०३/१२ मा गरेको निर्णय नै अन्तिम हो तर उक्त व्यवस्था Trunk लाईनको हकमा होइन भन्नका लागि विनियमकै व्यवस्थालाई तत्कालिन ने.वि.प्रा.विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम ५(१३) मा "प्राधिकरणले ग्राहकलाई विलिङ्ग गर्दा कुनै कारणवश छुट भएमा सोको जानकारी भए पश्चात् जुनसुकै समयमा पनि विद्युत उपभोग गरी छुटेको खपत वापत छुट्टै विलिङ्ग गरिनेछ । यसरी विलिङ्ग गरिएकोमा ग्राहकले जानकारी प्राप्त गरेको मितिले ३५ दिनभित्र बिलिङ्ग गरिएको रकम बुझाउनु पर्नेछ । छुट विलिङ्ग गरिएको निर्णयमा चित्त नबुझ्ने ग्राहकले ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ मा तोकिए बमोजिमको प्रकृया पूरा गरी पुनरावेदन समिति समक्ष निवेदन पेश गर्न सक्नेछ।" भनी स्पष्ट रुपमा उल्लेख गरेको देखिन्छ । सोही व्यवस्थालाई प्रकृयागत रुपमा पत्राचार गरी मर्का पर्ने पक्षलाई समाधान गर्न ने.वि.प्रा. विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम ५ (२) पुनः अध्ययन गर्नु पर्ने हुन्छ । तसर्थ विद्युत शक्तिको उपभोग, ठूला कलकारखाना, उद्योगले खपत गर्ने विद्युत शक्ति, क्षमता, उपयोगिता आदिको आधारमा केही पनि फरक नहुने भएकोले दुवै किसिमका ग्राहकहरूलाई एउटै विद्युत महशुल निर्धारण भई लागु भएको देखिन्छ । विद्युत महशुल निर्धारण आयोगले मिति २०७३/०३/१२ मा Trunk Line को हकमा गरेको निर्णय अध्ययन गर्दा प्रस्तुत विनियम लागु भएपछि यदि कुनै ग्राहकले छुट्टै Trunk लाईनबाट निरन्तर विद्युत आपूर्ति लिने, ग्राहकको महशुल Dedicated ग्राहकको सरह पुरानो ग्राहकको लागि नभई नयाँ ग्राहकको लागि छुट्टै Trunk Line को आवश्यकता भएकोले उक्त व्यवस्था गरिएको हो भन्ने कानूनको शाब्दिक र स्वर्णिम व्याख्याबाट स्पष्ट हुन्छ। तसर्थ महशुल निर्धारण आयोगले निर्धारण गरेको विद्युत महशुललाई ने.वि.प्रा. विद्युत महशुल सकलन विनियमावली, २०७३ मा संग्रहित गरी प्रकाशित सम्म गरिएकोले उक्त कानूनी व्यवस्था बमोजिम जति समय विद्युत उपभोग गरेको छ सोही उपभोगको आधारमा ट्रक तथा डेडिकेटेड फिडरबाट विद्युत उपभोग गर्ने उपभोक्ताले विद्युत महशुल बुझाउनु पर्ने कानूनी व्यवस्थाको उद्देश्य रहेको देखिन्छ ।

३. विद्युत महशुल असूल गर्नको लागि समयमा विजक जारी गर्न नसक्नुको प्राविधिक कारणः-

क. ने.वि.प्रा. सञ्चालक समितिले विद्युत महशुल निर्धारण सम्वन्धी निर्णय गरे पनि विद्युत महशुल निर्धारण आयोगबाट अनुमोदन नभएकोले तत्काल लागु गर्न नसकिएको देखिन्छ । आयोगमा निर्णय गर्न पठाउँदा डेडिकेटेड लाईनबाट विद्युत उपभोग गर्ने ग्राहकको विद्युत महशुल भुक्तानीको लागि हेटौंडा वितरण केन्द्रको ग्राहक श्री शिवम् सिमेन्टलाई पहिलो पटक मिति २०७२/०८/१८ गते वृद्धि भएको दरमा महशुल भुक्तानी गर्न पत्राचार गर्दा सो उपर मकवानपुर जिल्ला अदालतमा दायर भएको निषेधाज्ञा मुद्दा (०७२-WO-०००१) मा मिति २०७२/१०/२१ गते अन्तरिम आदेश लिई प्रिमियम विद्युत महशुल असूलीमा रोक लाग्न गएको अवस्था रहन गयो । शिवम् सिमेन्ट प्रा.लि., वुटवल सिमेन्ट प्रा.लि. र सर्वोत्तम सिमेन्ट प्रा.लि. समेतको मुद्दामा अन्तरिम आदेश भएकोले प्रिमियम महशुल तिर्नरोक लगाएको हुनाले प्राधिकरणले उपरोक्त विवादको अन्तिम निर्णय नभएसम्म सोही महशुल लगाउने कार्य विवादित हुने भएकोले ने.वि.प्रा. विद्युत महशुल संकलन विनियमावली, २०६९ अनुसार नै महशुल लिंदै आएको देखिन्छ । त्यसै गरी परासी वितरण केन्द्र अन्तर्गत लक्ष्मी स्टील प्रा.लि. (०७४-CI-०११६), वुटवल सिमेन्ट प्रा.लि. (०७४-CI-०९४१), सर्वोत्तम सिमेन्ट प्रा.लि. (०७४-CI-०११७) र एभरेष्ट पेपर मिल्स (०७२-WO-०८५२) लाई पत्राचार गर्दा निजहरूबाट उच्च अदालत वुटवल र उच्च अदालत जनकपुरमा दायर भएको उत्प्रेषण परमादेशको निवदनमा अन्तरिम आदेश जारी भएको देखिन्छ ।

ख अदालतमा विचाराधिन मुद्दामा जारी भएको अन्तरिम आदेशको कारण डेडिकेटेड फिडरबाट सेवा लिएका उपभोक्ताहरूको महशुल असूली कार्य रोकिन गएकोमा सम्मानित सर्वोच्च अदालतमा शिवम् सिमेन्ट प्रा.लि. विरुद्ध नेपाल विद्युत प्राधिकरण भएको उत्प्रेषण/परमादेश मुद्दा (०७३-WO-००२४) मा अन्तिम आदेश मिति २०७५/०७/२० मा जारी भएपछि अन्य समान प्रकृतिका ग्राहक (डेडिकेटेड/ट्रंक लाईन फिडर प्रयोग गर्ने) सँग विद्युत महशुल असूली गर्न कानूनी बाधा खुला भएको थियो । सम्मानित अदालतबाट मिति २०७५/०७/२० मा फैसला हुँदा "...विद्युत महशुल निर्धारण आयोगले अनुमोदन गरेको मिति २०७२/९/२९ बाट मात्र वृद्धि भएको महशुल निवेदकबाट असूल गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भनी ने.वि.प्रा.को नाममा परमादेश समेत जारी भएको र समान प्रकृतिका ग्राहक (डेडिकेटेड फिडर र ट्रंक लाइन प्रयोग गर्ने) वुटवल सिमेन्ट, लक्ष्मी स्टील, एभरेष्ट पेपर मिल्स र सर्वोत्तम सिमन्टको हकमा समेत सर्वोच्च अदालतबाट आदेश भएको देखिन्छ । यसरी अदालतको परमादेश (निर्णय) पश्चात उक्त रकम असूल गर्नको लागि सबै डेडिकेटेड/ट्रंक फिडर प्रयोग गर्न ग्राहकसँग विद्युत महशुल असूल गर्न पत्राचार भएको हुँदा समयमा विजक जारी भएको छ ।

४. सम्बद्ध कानुनहरु

क. नेपाल विद्युत प्रधिकरणले विद्युत महशुल असूल उपर गर्नको लागि सदैव ने.वि.प्रा. विद्युत महशुल संकलन विनियमावली, र नेपाल विद्युत प्रधिकरण विद्युत वितरण विनियमावली,

२०७८ समेत २ वटा विनियमावलीमा उल्लेखित कानूनी व्यवस्थालाई अपनाएको देखिन्छ । तत्कालिंन विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम ५(१३) मा "प्राधिकरणले ग्राहकलाई बिलिङ्ग गर्दा कुनै कारणवश छूट भएमा सोको जानकारी भए पश्चात् जुनसुकै समयमा पनि विद्युत उपभोग गरी छुटेको खपत वापत छुट्टै बिलिङ्ग गरिनेछ। यसरी बिलिङ्ग गरिएकोमा ग्राहकले जानकारी प्राप्त गरेको मितिले ३५ दिनभित्र बिलिङ्ग गरिएको रकम बुझाउनु पर्नेछ । छूट बिलिङ्ग गरिएको निर्णयमा चित्त नबुझ्ने ग्राहकले ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ मा तोकिए बमोजिमको प्रकृया पूरा गरी पुनरावेदन समिति समक्ष निवेदन पेश गर्न सक्नेछ ।" भनी उल्लेख गरेको देखिन्छ । सोहि व्यवस्थालाई प्रकृयागत रुपमा पत्राचार गरी मर्का पर्ने पक्षको समस्या समाधान हेतु नेपाल विद्युत प्राधिकरण विद्युत वितरण विनियमावली, २०७८ को विनियम २७ बमोजिम "कुनै ग्राहकको मिटर रिडिङ गरी बिलिङ गर्दा गणितीय त्रुटी भएमा हिसाव मिलान गरी छुट भए वापतको रकम छुट बिल गरिनेछ।" भन्ने कानूनी व्यवस्था बमोजिम नै विद्युत प्राधिकरणले ग्राहकसँग महशुल माग गरेको देखिन्छ। उक्त पत्र प्राप्त भएपछि कानून बमोजिम नै विद्युत उपभोग गर्ने ग्राहकहरू ऐ. विनियम ५५ बमोजिम प्रशासकीय पुनरावलोकन समिति समक्ष उजुर दिनु पर्नेमा उक्त विधि र प्रकृया भन्दा फरक बाटो अपनाई विभिन्न उच्च अदालतमा रिट निवेदन लिएर गएको देखिन्छ । विद्युत उपभोग गर्ने ग्राहकहरू जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत समेतमा निवेदन/फिरादपत्र लिएर गएको देखिन्छ। अदालतमा पेश भएको निवेदन/फिरादमा उक्त रकम तिर्नु नपर्ने, प्रमाणको मूल्यांकन गरी data download को आधारमा विजक जारी गर्नु पर्ने आदि विषयहरू समावेश थिए। उक्त निवेदन उपर फैसला गर्दा रुपन्देही जिल्ला अदालत, परासी जिल्ला अदालत, बारा जिल्ला अदालत, धादिङ जिल्ला अदालत धनकुटा जिल्ला अदालतबाट फैसला हुँदा वैकल्पिक व्यवस्था पुनरावलोकन समितिमा जानुपर्ने व्यहोरा उल्लेख थियो । उक्त रुपन्देही जिल्ला अदालतको फैसला चित्त नबुझाई उच्च अदालत बुटवलमा जाँदा तहाँबाट समेत सोही कुरा उल्लेख गरी वैकल्पिक व्यवस्था (विद्युत वितरण विनियमावली बमोजिम पुनरावलोकन समिति) रहेकोले सोही निकायबाट निर्णय हुनुपर्ने भनि फैसलामा उल्लेख छ । सोही कानूनी व्यवस्था अनुसार गर्नु पर्ने भनि सम्मानित सर्वोच्च अदालतबाट लक्ष्मी स्टील (०७४-CI-०११६), एभरेष्ट पेपर मिल्स, बुटवल सिमेन्ट (०७४-CI-०९४१) को मुद्दामा उल्लेख भएको देखिन्छ। स्पष्ट रुपमा भएको कानूनी व्यवस्था र न्यायिक निकायबाट विभिन्न मुद्दामा बोलिएका विषयहरू अध्ययन गर्दा वास्तविक विवादको प्रारम्भिक सुनुवाई गर्ने निकाय प्रशासकीय पुनरावलोकन समिति बाहेक अन्य कुनै निकाय हुन सक्दैन।

ख. डेडिकेटेड तथा ट्रंक लाईनको विद्युत महशुल असूल उपर गर्ने सम्बन्धमा भएका प्रयासहरू मध्ये नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिको सदस्य श्री भक्तबहादुर पुनको संयोजकत्वमा गठित समितिले डेडिकेटेड र ट्रंक लाईनबाट विद्युत सेवा लिने औद्योगिक,

व्यापारिक तथा गैह व्यापारिक वर्गका सबै ग्राहकहरूले विद्युत शक्ति खपत गरेबापतको महशुल असूल उपर गर्ने भनि दिएको प्रतिवेदनमा उल्लेखित तथ्यहरू पछिका स.स.का निर्णयहरू ने.वि.प्रा.सञ्चालक समितिको मिति २०७५/०४/३१ को ७७५औं बैठक, मिति २०७५/१२/१४ को बैठक, मिति २०७५/१२/२९ को ७९३औं बैठक, मिति २०७६/०७/१७ को ८०८औं बैठक, मिति २०७६/०७/१६ को ८०९औं बैठक मिति २०७६/०९/०९ समेत लगायतका विद्युत महशुल असुल उपर गर्नको लागि निर्णयहरू भए गरेको देखिन्छ। नेपाल सरकार, मन्त्रिपरिषदवाट मिति २०७६/०९/२१ मा उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको सचिवको संयोजकत्वमा ५ सदस्यीय समिति गठन भई उक्त समितिले मिति २०७७/०३/२९ मा पेश गरेको प्रतिवेदन मन्त्रिपरिषदको बैठक संख्या २४/०७७ मिति २०७७/०४/१९ मा नेपाल विद्युत प्राधिकरणलाई पत्राचार भएको पाइन्छ । नेपाल सरकार, मन्त्रिपरिषदवाट डेडिकेटेड फिडर तथा ट्रंक लाईनवाट विद्युत उपभोग गर्ने ग्राहकहरूको विद्युत, महशुल सम्बन्धी विवाद निरुपण गरी एक महिना भित्र नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधिश श्री गिरिशचन्द्र लालको अध्यक्षतामा जाँचवुझ आयोग गठन गर्ने भनि म.प.वै.सं.५०/०८० मिति २०८०/०९/२४ मा निर्णय भएको र उक्त आयोगले पेश गरेको प्रतिवेदन म.प.स......... मिति २०८१/०१/२७ मा निर्णय गरी नेपाल सरकार मन्त्रिपरिषदको बैठकवाट भएको निर्णय कार्यान्वनंका लागि उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको च.नं. १०३९ मिति २०८१/०२/३० को पत्र मार्फत प्राप्त भई विवादमा रहेको ३ वटा अवधी २०७२ श्रावण देखि पौष सम्म, २०७२ साल माघ देखि २०७५ साल वैशाख सम्म र २०७५ साल जेष्ठ देखि २०७७ साल आषाढ सम्मको अवधी मध्ये बिचको अवधीको विद्युत महशुल उठाउन निर्देशन प्राप्त भएको थियो।

ग. साथै सार्वजनकि लेखा समितिबाट मिति २०७५/१२/२४ तथा २०७६/०१/३१ मा डेडिकेटेड फिडरका ग्राहकहरूको विवरण माग गरिएकोमा मिति २०७६/०४/१२ को च.नं.७ को पत्र मार्फत जानकारी गराइएकोमा उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको मिति २०७७/१२/२७ मा सार्वजनिक लेखा समितिको च.नं.७० मिति २०७७/१२/२५ मा विद्युत नियमावलीमा उल्लेख भएको विल विजक छुट विल जारी गर्ने, बक्यौता असुली गर्ने कार्य गरी एक महिना भित्र समितिलाई जानकारी दिने जस्ता निर्देशन प्राप्त भएको थियो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०४/१९ को निर्णय वमोजिम प्रतिवेदन कार्यान्वयको लागि उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७७/०४/२६ मा विद्युत नियमन आयोगमा कार्यान्वयको लागि पत्राचार भए पश्चात उद्योग व्यवसायीहरू संगको विवाद समाधन गर्न के कस्तो कारवाही गरिएको छ, कस्तो अवस्थामा छ जानकारी गराउन आयोगको मिति २०७७/१२/१२ को निर्णयबाट माग भएको र ने.वि.प्रा.ले च.नं. ११३९ मिति २०७७/१२/२९ को पत्र मार्फत जानकारी गराइएको थियो। त्यसैगरी मिति

२०७८/०५/२२ मा नेपाल विद्युत प्राधिकरणलाई नेपाल उद्योग वाणिज्य संघ र नेपाल उद्योग परिसंघको मिति २०७८/०३/२८ को पत्र सम्बन्धमा तत्कालिन विद्युत महशुल निर्धारण आयोगको १०३औं तथा १०८औं बैठकको निर्णय कार्यान्वयन गर्न आयोगको मिति २०७८/०५/२२ को १३३औं बैठकको निर्णयानुसार निर्देशन भएको थियो। मिति २०८१/०४/०६ को च.नं. ११ को विद्युत नियमन आयोगको पत्र मार्फत विद्युत उपभोक्ता हित संरक्षण सम्बन्धी निर्देशिका, २०८० को दफा १३ को उपदफा (१०) को उलंघन भएको हुँदा तत्काल ती उपभोक्ताहरूलाई विद्युत आपूर्ति कायम गर्न पुनः लाईन जडान गर्नु हुन भनि निर्देशन प्राप्त भएको।

## ५. हालको अवस्था

यसरी माथी प्रकरण प्रकरणहरुमा विवेचना गरिए बमोजिम अधिकार प्राप्त निकायहरु, सार्वभौम संसदका समितिहरुबाट पटक पटक आदेशहरु, निर्णयहरु भएका भएतापनि त्यसता निर्णयहरुको कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ।

| क्र. सं. | वितरण केन्द्र | ग्राहक नम्बर | ग्राहकको नाम | स्विकृत क्षमता | गणना सिट अनुसार थप दस्तुर सहितको रकम रु. |
|---|---|---|---|---|---|
| | कोशी प्रादेशिक कार्यलिय विराटनगर | | | | |
| १ | विराटनगर | 010-12-501A | श्री बाबा जुट मिल | 1000.00 | २४.९२६.५४९.६९ |
| २ | विराटनगर | 009-24-553 | श्री रघुपती जुट मिल | 2000.00 | ८५.१४०.३७५.६३ |
| ३ | उदयपुर | 002-20-501 | श्री उदयपुर सिमेन्ट उद्योग | 12,500.00 | ४४०,०७४.५३३.५९ |
| ४ | इटहरी | 100-24-501 | श्री रिलायन्स स्पिनिंग मिल्स | 14,000.00 | ७५३,६८४,३३५.०० |
| ५ | धनकुटा | 004-29-554 | श्री निगाले सिमेन्ट प्रा.लि | 2000.00 | ५८.११८,००८.७५ |
| ६ | दुहवी | 100-23-514 | श्री अरिहन्त मल्टी फाइबर लि. | 2200.00 | ११५.२९६.२७९.३१ |
| | दुहवी | 100-23-536 | श्री अरिहन्त पोलीप्याक लि. | 1350.00 | ६६.२४७.०५०.०० |
| | जम्मा | | | 35,050.00 | १.५४३.४८७.१३१.९७ |
| | मधेस प्रादेशिक कार्यालय,जनकपुर | | | | |
| ८ | मिर्चैया | 001-23-507 | मारूती सिमेन्ट प्रा.लि. | 7000.00 | ५७४.४७९.४९३.७५ |
| ९ | | 015-25-507 | त्रिवेणी सिन्थेटिक यार्न | 2500.00 | ४३.९८३.१७९.९४ |
| १० | | 015-13-579 | हिमाल आइरन एण्ड स्टिल | 3601.00 | १३६.५०१.९०२.८९ |
| ११ | | 015-11-574 | त्रिवेणी स्पिनिंग मिल्स | 6500.00 | ३२०.९८६.७९३.६९ |
| १२ | | 015-11-584B | नारायणी स्पात मिल्स | 25,000.00 | |
| १३ | सिमरा | 001-23-530 | जगदम्बा स्टिल प्रा.लि | 34,400.00 | १.६०१.८४३.१२५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | | 001-24-532 | जगदम्बा इन्टरप्राइजेज | 48,800.00 | |
| १५ | | 001-23--513 | अशोक स्टिल | 20,500.00 | १७५,८१४,४०६.८३ |
| १६ | | 001-23-526 | हुलास स्टिल | 7,500.00 | १४१,२०५,८६२.५० |
| १७ | | 001-23-523 | हामा आइरन | 4,000.00 | ५८,५१७,९३६.८८ |
| १८ | सखुवा | 006-26-551 | एभरेष्ट पेपर मिल्स | 4,000,00 | ९४,४२१,४९६.०० |
| १९ | | 006-15-551 | कसमस सिमेन्ट फ्याक्ट्री | 4,000.00 | ९७,७२५,५१५.०० |
| | जम्मा | | | 167,801.00 | ३,२४५,४७९,७१२.४८ |
| | बागमती प्रदेश प्रादेशिक कार्यालय, काठमांडौ | | | | |
| २० | धादिङ | 025-25-570 | युनाइटेड सिमेन्ट प्रा.लि | 10,000.00 | ११३,६८३,९०९.६३ |
| २१ | हेटौडा | 009-02-581 | श्री शिवम सिमेन्ट | 15,000.00 | ६६८,८८७,०८१.८८ |
| २२ | | 009-01-581 | श्री हेटौडा सिमेन्ट | 8,125.00 | ३३८,०८६,२५०.०० |
| | जम्मा | | | 33,125.00 | १,१२०,६५७,२४१.५१ |
| | लुम्बिनी प्रादेशिक कार्यालय,बुटवल | | | | |
| २३ | बुटवल | 010-27-581 | जि.वि टेक्सटाइल | 100.00 | ३,५३७,२२६.८५ |
| २४ | | 010-27-582 | जि.बि टेक्सटाइल | 193.75 | १,४११,६८१.७९ |
| २५ | | 010-27-584 | नारायण रबर उधोग | 175.00 | १,७५६,४४४.४२ |
| २६ | अमुवा | 003-01-571 | अर्घाखाची सिमेन्ट इन्डस्ट्रीज | 15,000.00 | ४४८,४३२,५७३..५९ |
| २७ | | 003-01-566 | विशाल सिमेन्ट इन्डस्ट्रीज | 2200.00 | ३३,५२५,९१५.३८ |
| २८ | अर्घाखाची | 017-20-507 | शुभश्री अग्नि सिमेन्ट प्रा.लि | 7500.00 | ९,८८१,७६२.२३ |
| २९ | भैरहवा | 025.19.559 | एभरेष्ट रोलिंग मिल | 1600.00 | १,७५७,८०९.२५ |
| ३० | | 025.19.572 | सोना पोलिमर्स | 500.00 | ३४६,३८९.१९ |
| ३१ | | 025.19.561 | विनायक स्पातं प्रा.लि | 3500.00 | ७५२,१२८.८८ |
| ३२ | | 025.24.564 | जगदम्बा सिन्थेटिक | 4500.00 | २०५,०४३,९८९.८८ |
| ३३ | | 025.17.569 | एस.आर फुड्स | 750.00 | १४,८५४,८९२.५५ |
| ३४ | | 025.17.571 | घराना फुड्स | 1230.00 | १८,७६९,३५३.८१ |
| ३५ | | 025.17.561 | सिद्दार्थ पेटप्लास्ट | 500.000 | १८,२८६,३३३.८१ |
| ३६ | | 025.19.570 | सोना प्याकेजिंग | 1050.00 | ३५५,०६७.२५ |
| ३७ | नयाँमिल | 003-18-552 | श्री गोयन्का फुड्स,रूपन्देही | 435.00 | १४,७६७,३१९.०० |
| ३८ | | 003-18-511 | श्री.भलवारी स्वचालित कारखाना | 220.00 | २,९९३,६४५.९० |
| ३९ | | 003-18-576 | | 250.00 | ४,९०९,.६७७.६९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | | 005-17-559 | श्री श्याम प्लास्टिक उधोग | 1500.00 | २,४६३,८७६.८१ |
| ४१ | | 005-17-560 | श्री पन्चकन्या स्टिल पन्डस्ट्री | 4900.00 | ५,२१९,३६२.३८ |
| ४२ | | 005-17-573 | श्री एस.आर स्टिल इनडस्ट्री | 2000.00 | १,६२४,५०७.१३ |
| ४३ | | 005-17-569 | श्री नव नेपाल प्लास्टिक इन्डस्ट्री | 250.00 | २०५,६८६.९४ |
| ४४ | | 005-17-574 | श्री शुभ लक्ष्मी पोलिमर्स | 400.00 | ३७८,४३२.३८ |
| ४५ | | 005-17-579 | श्री नेश्नल रवर इन्डस्ट्रीज | 75.00 | ५९,७७५.८९ |
| ४६ | | 005-17-587 | श्री जय दुर्गा प्लास्टिक इन्डस्ट्रीज | 150.00 | ७०,५३२.९३ |
| ४७ | | 005-17-599A1 | श्री यशोदा फुड प्रा.लि | 1000.00 | ४२५,२३१.९० |
| ४८ | | 005-17-599A18 | श्री एं.जी हेल्थ इन्डस्ट्रीज | 650.00 | ७६,४५२.०० |
| ४९ | परासी | 001-25-562 | श्री सर्वोत्तम सिमेन्ट | 8,000.00 | ११९,६३६,६४५.७५ |
| ५० | | 001-18-552 | श्री बुटवल सिमेन्ट | 5,000.00 | १८४,५४९,४८१.०६ |
| ५१ | | 001-25-563 | श्री सिद्धि लक्ष्मि स्टिल | 5,000.00 | |
| ५२ | | 001-25-556 | श्री लक्ष्मी स्टिल | 25,000.00 | २३७,९३१,०३७.९३ |
| | जम्मा | | | 93,628.75 | १,३३३,३२३,३२५.५७ |
| | लुम्बिनी प्रदेश डिभिजन कार्यालय, नेपालगन्ज | | | | |
| ५३ | नेपालगन्ज | 025-19-209 | सू.प हवाई कार्यलय | 300.00 | १,२३२,४१२.५६ |
| ५४ | घोराही | 026-22-504 | सोनापुर मिनरल एंन्ड आयल प्रा.लि. | 6,000.00 | २४२,९९९,२७३.१३ |
| ५५ | | 006-01-510 | घोराही सिमेन्ट उधोग | 30,000.00 | ५०८,५३५,३४१.२५ |
| ५६ | लमही | 016-22-501 | सम्राट सिमेन्ट | 27,500.00 | ३७,७७३,७७१.०० |
| ५७ | रोल्पा | 005-09-501 | रोल्पा सिमेन्ट | 2700.00 | ९,९१२,०२९.७५ |
| | जम्मा | | | 66,500.00 | ८०४,४५२,८२७.६९ |
| | लुम्बिनी प्रदेशको कुल जम्मा | | | 160,128.75 | २,१३७,७७६,१५३.२६ |
| | कुल जम्मा (थप दस्तुर सहित) | | | 396,104.75 | ८,०४७,४००,२३९.२२ |
| | कुल जम्मा (थप दस्तुर बाहेक) | | | | ६,४३७,९२०,१९१.३७ |

स्रोतः नेपाल विद्युत प्राधिकरण (मिति २०८१।०५।१०)

यसअघि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत् उपभोग गरेका उद्योगहरुबाट २०८० साल मंसिर मसान्तसम्म कुल बक्यौता रकम् २२ अर्ब २४ करोड रुपियाँ रहेको भन्दै २०८० पुस ६ गते करिब एक दर्जन उद्योगको लाइन काटिएको थियो । ततपश्चात केही उद्योगहरु अदालतको शरणमा जानुका साथै राजनीतिक दलहरुबाट दबाब दिए पछि बक्यौता महसुल रकम ६० किस्तामा बुझाउन सकिने तथा पहिलो किस्ता बुझाएपछि लाइन पुनः जोड्न सकिने सुविधा पनि उपलब्ध भएको थियो ।

माथि उल्लेखित तालिकामा उल्लेख भएको रकम देखि बाहेकको बक्यौता रकम के कुन संस्था तथा व्यक्तिबाट असुल उपर गर्नुपर्ने हो सो को सम्पुर्ण जानकारी विपक्षी विद्युत प्राधिकरणबाट नै माग गरी ती कम्पनी, उद्योग, संस्था तथा व्यक्तिहरुलाई समेत बुझ्नुपर्ने अवस्था भएमा बुझी निर्णय गर्ने अधिकार यस सम्मानित अदालत समक्ष अन्तरनिहित रहेको हुँदा उल्लेखित कम्पनी, उद्योग, संस्थाहरुको वास्तविक वतन जानकारी नभएकोले ती निकायहरुलाई विपक्षी महलमा उल्लेख गर्न सम्भव नभएको हुनाले तालिका बमोजिमको रकम असुल उपर गर्नका लागि आवश्यकता अनुसार सम्मानित अदालतका तर्फबाट बुझ्नुपर्ने देखिएमा नेपाल विद्युत प्राधिकरणलाई निजहरुको वास्तविक वतन र तिर्नु बुझाउनुपर्ने रकमको विवरण माग गरी उचित र आवश्यक निर्णयमा पुग्न सक्ने आसाधारण अधिकार क्षेत्र सम्मानित अदालतको रहेको व्यहोरा निवेदन गर्दछौं ।

८. माग गरिएको उपचार

क. प्रस्तुत सार्वजनिक सरोकार र चासोको विषयमा निवेदन दर्ता गर्ने हक हामी निवेदकहरुलाई सुरक्षीत रहे भएको र प्रस्तुत विषयमा निवेदन गर्ने अर्को भरपर्दो वैकल्पिक उपचारको बाटो समेत नभएको हुँदा नेपालको संविधानको धारा १३३(२) र (३) समेतका आधारमा प्रस्तुत निवेदन लिई सम्मानित अदालत समक्ष आएका छौं । माथिका प्रकरणहरुमा उल्लेख भए बमोजिम प्रत्यर्थी मध्येका प्रत्यर्थी नं. ५ देखि १४ तथा प्रकरण नं ५ को तालिकामा उल्लेखित तथा सो तालिकामा उल्लेख नभएका तर डेडिकेटेड र ट्रंक लाइन तथा फिडर लाईन प्रयोग गरेका कम्पनी, उद्योग, व्यवसायी, संस्था तथा व्यक्तीहरुबाट ट्रंक लाइन र डेडिकेटेड फिडर लाईन प्रयोग गरे वापतको कानुन बमोजिम तिर्नु बुझाउनु पर्ने हालसम्मको नेपाल विद्युत प्राधिकरणको बक्यौता रकम नबुझाउने गरी विपक्षी मन्त्रीपरिषद लगायतका अन्य विपक्षीहरुबाट भएका गैरकानुनी निर्णय, आदेश, पत्र, पुंजी लगायत जो जे छुन् सो गैरकानुनी सम्पुर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी विषयवस्तुको गाम्भिर्यतालाई मध्येनजर गरी प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिइ अबिलम्ब नेपाल विद्युत प्राधिकरणको बक्यौता रकम असुल उपर गर्नु गराउनु तथा असुल उपर गर्ने गराउने कार्यमा अवरोध नगर्नु, नरोक्नु, रोक्न नलगाउनु तथा कानुन बमोजिमको बक्यौता रकम नतिर्ने तथा तिर्न धिङ्न्याई गर्ने विपक्षीहरुलाई कानुन बमोजिम कारवाही गर्नु भनी परमादेश, प्रतिषेद लगायतँ अन्य उपयुक्त आदेश जारी गरिपाउँ ।

ख. माथीका प्रकरणहरुमा उल्लेख भए वमोजिम प्रत्यर्थी मध्येका प्रत्यर्थी नं. ३ देखि १६ तथा प्रकरण नं ५ को तालिकामा उल्लेखित तथा तालिका उल्लेख नभएका तर डेडिकेटेड र ट्रंक लाइन तथा फिडर लाईन प्रयोग गरेका कम्पनी, उद्योग, व्यवसायी, संस्था तथा व्यक्तीहरुबाट ट्रक लाइन र डेडिकेटेड फिडर लाईन प्रयोग गरे वापतको कानुन वमोजिम तिर्नु बुझाउनु पर्ने हालसम्मको नेपाल विद्युत प्राधिकरणको वक्यौता रकम नवुझाउने गरी विपक्षी मन्त्रीपरिषद लगायतका अन्य विपक्षीहरुबाट भएका गैरकानुनी निर्णय, आदेश, पत्र, पुर्जी लगायत जो जे छन् ती पत्र, आदेश, पुर्जी यथास्थीतिमा राख्नु साथै अविलम्व नेपाल विद्युत प्राधिकरणको वक्यौता रकम असुल उपर गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ (१) वमोजिम अन्तरिम आदेश समेत जारी गरि पाऊँ ।

९. संलग्न कागजातहरुको फोटोकपी यसैसाथ पेश गरिएको छः

(क) रिट निवेदकको कानुन व्यवसायी प्रंमाणपत्रको प्रतिलिपि ।

(ख) नेपाल विद्युत प्राधिकरणले लिनु पाउनुपर्ने भनी सोही प्राधिकरणबाट प्राप्त प्रमाण कागज ।

(ग) [illegible] फिडर ०८०-७०-१३४५ र ०८०-७०-११०८ [illegible]

१०. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

वा.स. ओमनाथ ठाकुर

ईति सम्वत् २०८१ साल भाद्र महिना २५ गते रोज ३ शुभम् ..................................।